**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
हुलाक मन्जुषा २१२५, न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं ।
फोन: ४४२९७४१ फ्याक्स: ४४१९६१०
इमेल: wafed@ntc.net.np;
वेवसाइट: www.wafed-nepal.org

## अरुण-३ मुद्दामा सर्वोच्च अदालतद्वारा विपक्षीका नाममा अग्राधिकारसहित कारण देखाउ आदेश जारी

प्रेस विज्ञप्ति

२०६४ चैत्र ३ (१६ मार्च २००८)

४०२ मेगावाट क्षमताको अरुण ३ जलविद्युत् आयोजनासम्बन्धमा नेपाल सरकार र भारतीय सरकारी ऊर्जा कम्पनी सत्लज जलविद्युत निगमबीच ०६४ फागुन १९ गते भएको गैरसंवैधानिक एवं गैरकानुनी सम्झौताका विरुद्ध ०६४ फागुन ३० गते सर्वोच्च अदालतमा दर्ता भएको रिट निवेदनमाथि सनुवाइ हुँदा सर्वोच्च अदालतले आज विपक्षीका नाममा अग्राधिकारसहित कारण देखाउ आदेश जारी गरेको छ ।

अरुण-३ प्राकृतिक स्रोत भएको र त्यसको उपयोगको बाँडफाँड व्यापक, गम्भीर र दीर्घकालीन प्रकृतिको भएकोले वर्तमान संविधानको धारा १५६(२) बमोजिम उक्त सम्झौता संसदको दुइतिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने, आयोजनाबाट उत्पादित बिजुली देशभित्रै विद्युतीकरण गरी बचेको मात्र निर्यात हुनुपर्ने, अरुण ३ सम्झौताले विभिन्न संवैधानिक एवम् कानुनी प्रश्नहरू उब्जाएकोले उक्त आयोजनासम्बन्धी भएका गैरसंवैधानिक निर्णय खारेज गरी आयोजनासम्बन्धी निर्णय वर्तमान अन्तरिम सरकारले नभइ संविधानसभाको निर्वाचन पछि मात्र टुंगो लाग्नुपर्ने लगायतका मागहरु रहेको उक्त मुद्दामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालय, जलस्रोत मन्त्रालय, अर्थमन्त्रालय, जल तथा शक्ति आयोग, व्यवस्थापिका संसद, व्यवस्थापिका संसद प्राकृतिक स्रोत र साधन समितिलगायतलाई विपक्षी बनाइएको छ ।

दर्ता नं. ८०५ रहेको उक्त रिट निवेदनमा जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल, राष्ट्रिय सरोकार समाज, नेपाल नीति संस्था तथा अरुण सरोकार समाज समूहका तर्फबाट अधिवक्ता रविन सुवेदी, निर्मला सिटौला, रतन भण्डारी, अनुज सिटौला, खिमाराम लम्साल तथा चन्द्रशेर राना निवेदक रहनु भएको छ ।

अधिवक्ताद्वय टिकाराम भट्टराई र रविन सुवेदीले बहस गर्नु भएको सो रिट निवदेनमाथिको अन्तिम फैसला भने पश्चिम सेती आयोजनासम्बन्धी परेको मुद्दाको टुंगो लागेपछि हुने भनिएको छ । स्मरणीय छ, जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालकै अगुवाइमा गत २०६४ साउन २४ गते दर्ता भएको पश्चिम सेतीसम्बन्धी मुद्दाको फैसला यही आउने चैत्र २५ गते तोकिएको छ ।

भवदीय

रतन भण्डारी
अभियान संयोजक